२९. जि.स.स. सदस्य श्री ललित साउँद
३०. " " " श्री टेक ब. बुढा
३१. " " " श्री देवी भण्डारी
३२. " " " श्री मालती वि.क.
३३. " " " श्री विष्णु प्रसाद डंगौरा
३४. " " " श्री राजकुमारी महतो
३५. " " " श्री मिना चौधरी
३६. सदस्यसचिव श्री नन्दलाल पाण्डेय, नि.जि.स.अ.
३७. ना.सु. श्री विमल प्रकाश जोशी
३८. ले.पा. श्री गौरी बिनाडी जोशी
३९. स्वकीय सचिव श्री जगत भण्डारी
४०. का.स. श्री चेतराज जोशी
४१. ड्राइभर श्री तारा कुमारी बम
४२. " श्री प्रकाश खनाल
४३. का.स. श्री नवराज अधिकारी
४४. का.स. श्री टेक बहादुर चौधरी
४५. समन्वयकर्ता श्री निरा बडायक
४६. क.अ. श्री टेक बहादुर किमाडी

<u>**जिल्ला समन्वय समिति, कैलालीको मिति २०७७/१२/१४ गते बसेको चौथो जिल्ला सभाका निर्णयहरु**</u>

**प्रस्ताव नं.१: स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:** जिल्ला समन्वय समितिको कार्यालय, कैलालीका जिल्ला समन्वय अधिकारी श्री विर बहादुर शाही कलेजो सम्बन्धी समस्याबाट पीडित भई भारतको नयाँ दिल्ली स्थित ILBS Hospital मा कलेजो प्रत्यारोपण गरी हाल क्वार्टरमैं आराम गरिरहनु भएकोमा निजको स्वास्थ्य अवस्थामा उल्लेखनीय सुधार भई यथाशिघ्र पूर्ण स्वास्थ्य लाभ होस् भनी ईश्वरसंग प्रार्थना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२: बजेट विनियोजन एवं बाँडफाँड सम्बन्धमा ।**

**निर्णय नं.२:** संघीय सरकारबाट चालू आ.व. २०७७/०७८ का लागि एकमुष्ट र केन्द्रबाटै तोकिएका शिर्षकमा छुट्याइएको रकमलाई देहायका शिर्षकहरुमा अख्तियारी बमोजिम जि.स.अ. र आ.प्र. शाखा प्रमुखले कानून बमोजिम खर्च गर्नेगरी बजेट विनियोजन एवं बाडफाँड गर्न जिल्ला समन्वय समितिको बैठकबाट मिति २०७७/०६/२३ गते भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तिथि ५ मा...
...५।१६...

**प्रस्ताव नं.३: मौज्दात कोषबाट कार्यान्वयन गरिने योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं.३:** जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम कार्यान्वयन गरिने योजना छनौट गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ३ अनुसार कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था गरिएकोले सो अन्तर्गत योजना छनौट, कार्यान्वयन, अनुगमन र भूक्तानीका सम्बन्धमा नियमानुसार आवश्यक निर्णय लिने अधिकार कार्यक्रम व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्ने र विभिन्न स्थानीय तहबाट लागत प्रतिबद्धता सहित योजना प्रस्ताव गर्न अनपेक्षित ढिलाई भैरहेको सन्दर्भमा २०७८ अषाढ मसान्तसम्म तोकिएको सीमाभित्रका योजना सम्बन्धित स्थानीय तहबाट प्रस्ताव भई नआएमा उक्त सीमाभित्रको बजेट अन्य इच्छुक स्थानीय तहलाई विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४: भवन उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं.४:** विश्वास प्याकेजिंग प्रा.लि. लाई भाडामा दिइएको धनगढी उ.म.न.पा., वडा नं. १, स्थित कम्पाउण्ड सहितको नारी सिल्पकला भवन जिल्ला समन्वय समितिको मिति २०७७/१०/२५ गते बसेको ६३ औं बैठकको निर्णयानुसार **जग्गा र भवनको स्वामित्व जि.स.स. को कार्यालयकै नाममा यथावत रहनेगरी** नेपाल पर्यटन बोर्डको सुदुरपश्चिम प्रदेशको प्रादेशिक कार्यालय स्थापना गर्न नेपाल पर्यटन बोर्डलाई मिति २०७८ बैशाख १ गतेदेखि निःशुल्क उपलब्ध गराउने (धारा, बिजुली, रंगरोगन, मर्मत सम्भार र अन्य व्यवस्थापकीय दायित्व सोही कार्यालयको रहने) र विश्वास प्याकेजिंग प्रा.लि. लाई २०७७ चैत्र मसान्तभित्र वक्यौता भाडा भूक्तानी गरी उक्त भवन खाली गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.५: सरकारी शिक्षण संस्थाको शैक्षिक गुणस्तर सुधार सम्बन्धमा ।**

**निर्णय नं.५:** जिल्लाका सरकारी शिक्षण संस्थाको शैक्षिक गुणस्तरमा ह्रास आएको, शिक्षकहरुको लगनशिलता र खटाई सन्तोषजनक नरहेको, वि.व्य.स. को अनुगमनकारी भूमिका प्रभावकारी हुन नसकेको, स्थानीय शिक्षा समितिले नतिजामुलक उपलब्धिको निम्ति प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भन्ने गुनासो आइरहेको सन्दर्भमा सुधारको निम्ति शिक्षाका बहुपक्षीय सरोकारका स्थानीयता अनुकुल समग्र विषयलाई समेटी कानूनी प्रबन्धन गर्ने, शिक्षक दरबन्दी समिक्षा गरी पुनरावलोकन गर्ने, अन्तर स्थानीय तह दरबन्दी मिलानको सवालमा जिल्ला शिक्षा समन्वय समितिसँग समन्वय एवं सहजीकरण गर्ने र स्थानीय तह मार्फत विद्यालय व्यवस्थापन समितिको गठन, परिचालन एवं क्षमता विकासमा लगानी गरी सघन अनुगमन मार्फत दण्ड सजायँ प्रणालीलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न १३ वटै स्थानीय तहले सामुहीक प्रतिबद्धता जनाउने निर्णय गरियो।

**प्रस्ताव नं.६: दृष्टि** फाउण्डेसन **तथा सहारा घरको संरचना निर्माण तथा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं.६:** हाल कैलाली जिल्लामा अनाथ एवं असहाय सडक मानवको उद्धार एवं पुनर्स्थापनामा बर्दगोरीया गा.पा. मा रहेको **सहारा घर** एवं धनगढीमा रहेको **दृष्टि फाउण्डेसन**ले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको र आर्थिक संकटको कारण उक्त संस्थाहरुलाई उद्धार गरिएकाहरुको व्यवस्थापनमा निकै सास्ती व्यहोर्नु परेकोले उक्त दुबै संस्थाको निम्ति संरचना निर्माण गर्न स्थानीय तहहरुको पारस्परिक लागत साझेदारीमा बजेट व्यवस्था गर्ने सन्दर्भमा जिल्ला समन्वय समितिको पहलमा दुवै संस्थाको अवस्था अध्ययन गरी संस्थालाई आवश्यक सहयोगको यकिन गरी सहयोगको सम्बन्धमा धनगढी उ.म.न.पा., गोदावरी न.पा., गौरीगंगा न.पा., भजनी न.पा., चुरे गा.पा. र कैलारी गा.पा. सहित ६ स्थानीय तहलाई **दृष्टि फाउण्डेसन** एवं टिकापुर न.पा., लम्की चुहा न.पा., घोडाघोडी न.पा., जानकी गा.पा., जोशीपुर गा.पा., बर्दगोरीया गा.पा. र मोहन्याल गा.पा. सहित ७ स्थानीय तहलाई **सहारा घर**को निम्ति आवश्यक योजना/कार्यको निम्ति आगामी गाउँ/नगर सभा मार्फत परिधिका

स्थानीय तहलाई प्रति स्थानीय तह न्यूनतम् ५ लाख तथा संस्था अवस्थित स्थानीय तहलाई प्रति स्थानीय तह न्यूनतम् १० लाख को दरले बजेट विनियोजन गरिदिन जि.स.स. बाट पत्राचार गर्ने र अब उप्रान्त संस्थाहरुको **अनुगमन सन्दर्भमा** जि.स.स. को नेतृत्वमा सम्बन्धित स्थानीय तह सम्मिलित टोलीबाट अनुगमन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.७: हात्तिपाइले रोग निवारणको निम्ति औषधी सेवन अभियान सफल पार्ने सम्बन्धमा ।**

**निर्णय नं.७:** सुदुरपश्चिम प्रदेश सरकार, स्वास्थ्य कार्यालय, कैलालीको संयोजनमा २०७७ चैत्र २० गतेदेखि कैलाली जिल्लामा समेत शुरु गरिने **हात्तिपाइले रोग निवारणको निम्ति औषधी सेवन अभियान-२०७७** लाई पूर्ण रुपमा सफल पार्न हामी सम्पूर्ण सरोकारवालाले आआफ्नो तर्फबाट वडा स्तरसम्मका आफ्ना संरचनाहरुलाई क्रियाशील पार्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८: कैलाली जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्ने सम्बन्धमा ।**

निर्णय नं.८: मिति २०७७ मंसिर १४ गते कैलारी-९, कोइलही तालमा सम्पन्न कैलाली जिल्लाका सम्पूर्ण स्थानीय तहको समन्वय बैठकबाट महिला हिंसाका विविध सवाललाई दीगो रुपमा समाधान गर्न जिल्लालाई आ.व. २०७७/०७८ भित्र **छाउपडी गोठ मुक्त जिल्ला घोषणा** गर्नको निम्ति सबै स्थानीय तहले समस्या समाधानार्थ सचेतनात्मक एवं कार्यात्मक गतिविधिहरु सघन रुपमा संचालन गर्ने सम्बन्धमा भएको निर्णयको विशेष स्मरण गर्दै सो को अलावा चालु आ.व. भित्रै कैलालीलाई **पूर्ण साक्षर जिल्ला घोषणा** गर्न प्रभावकारी अनुगमन सहित घोषणा उन्मुख कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.९: एकीकृत वस्ती विकास सम्बन्धमा ।**

**निर्णय नं.९:** मिति २०७७ मंसिर १४ गते कैलारी-९, कोइलही तालमा सम्पन्न कैलाली जिल्लाका सम्पूर्ण स्थानीय तहको समन्वय बैठकबाट एकीकृत बस्ती विकासको बारेमा भएको निर्णयका सन्दर्भमा वित्तीय श्रोत र दक्ष जनशक्तिको को अभावले सो सम्बन्धी अध्ययन स्थानीय स्तरबाट गर्न सम्भव नभएकोले एकीकृत बस्ती विकासको निम्ति आवश्यक नीतिगत निर्णय सहित भूगर्वविद, खानीविज्ञ, वातावरणशास्त्री, अर्थशास्त्री, समाजशास्त्री लगायत विज्ञहरुको संयुक्त टोलीबाट उक्त कार्य गर्नका लागि **स्थानीय तहको लागत साझेदारी रहनेगरी बजेट व्यवस्था** गरिदिन शहरी विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१०: खानी उद्योगको संचालन तथा विकास सम्बन्धमा ।**

**निर्णय नं.१०:** जिल्लाका विभिन्न नदी र खोलानालाबाट नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् र संकलन गर्दा नदी खोलाहरुको धार परिवर्तन भई खेत, बस्ती तथा आयोजनाहरु डुबान एवं कटानको चपेटामा परेको, वर्षेनी बालीनाली/जिउधनको क्षती हुनेगरेको समस्या पहिचान भएकोले तिनको निराकरणका लागि जिल्लाको चुरे क्षेत्रका प्रयोगविहीन उजाड डाँडाहरुमा उद्योग संचालनको निम्ति सम्भावित स्थानको विस्तृत अध्ययन गरी खानी उद्योग संचालनको निम्ति नीतिगत एवं वित्तीय सहयोग प्रबन्ध गर्न (स्थानीय तहको लागत साझेदारी रहनेगरी) खानी तथा भूगर्भ विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११: नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलनको प्रभावकारी अनुगमन सम्बन्धमा ।**

**निर्णय नं.११:** नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलनको सन्दर्भमा अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउन नसकिंदा सृजित सम्भाव्य जोखिमका प्रभाव न्यूनीकरणको निम्ति तत् सम्बन्धमा भएका कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न प्रचलित कानूनी व्यवस्था बमोजिम कानून/कार्यविधी निर्माण गरी

प्रदीप प्रभाकर

IEE गर्ने, सोही बमोजिम टेण्डर गर्ने, टेण्डर गर्न सम्भव नभई स्थानीय तहबाटै कर्मचारी खटाई गर्नुपर्ने भएमा प्राविधिकको नियमित निगरानी एवं रिपोर्टिंग हुनेगरी गर्ने, सम्झौता तथा उत्खनन्/संकलन गर्दा शर्त/मापदण्डको पालना भए नभएको बारेमा बुझ्न अनुगमन ढाँचाको Check list तयार गरी आन्तरीक अनुगमन सम्बन्धित स्थानीय तहबाट र बाह्य अनुगमन जिल्ला स्तरीय अनुगमन समितिबाट गरी अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउने, IEE का प्रावधान कडाइका साथ लागू गर्ने, IEE गरिएका क्षेत्रभन्दा बाहिरबाट उत्खनन् संकलन भएको पाइएमा कडा कारवाही गर्ने, क्रसर उद्योगहरुलाई नियमन एवं व्यवस्थित गर्ने, सो सम्बन्धी विधी मापदण्डको पालना गर्ने र यिनको प्रभावकारिताको लागि सबै सरोकारवाला सक्रीय हुने निर्णय गरियो ।

**प्रस्ताव नं.१२: लागू पदार्थ दुर्व्यशनीको निम्ति पुनर्स्थापना केन्द्र स्थापना सम्बन्धमा ।**

**निर्णय नं.१२:** कैलाली जिल्ला लगायत समग्र सुदुरपश्चिम प्रदेशमा विकराल समस्याको रुपमा विकास हुँदै गएको लागू पदार्थ दुर्व्यशनलाई नियन्त्रण गर्न स्थानीय तह तथा सुरक्षा निकायको समन्वयमा सचेतना, निगरानी एवं पुनर्स्थापना कार्यक्रम संचालन गर्ने र संघीय, प्रदेश तथा स्थानीय तहको लागत साझेदारी रहनेगरी पुनर्स्थापना केन्द्र स्थापनाको निम्ति समन्वयात्मक पहल गर्न सुदुरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१३: कोरोना महामारीबाट बच्न कोभिड-१९ को नयाँ भेरियन्टबाट सजग रहने सम्बन्धमा ।**

निर्णय नं.१३: कोरोनाबाट समग्र विश्व प्रभावित भैरहेको र कोभिड-१९ का नयाँ नयाँ भेरियन्टले छिमेकी मुलुक लगायत विश्वका अधिकांश मुलुक आक्रान्त भैरहेको बेला महामारीबाट उन्मुक्ती पाउन प्रभाव न्यूनीकरणको निम्ति गत वर्षको अनुभवबाट पाठ सिक्दै आइसोलेसन तथा क्वारेन्टाइन व्यवस्थापन, परिक्षण र उपचारात्मक एवं सचेतनात्मक गतिबिधी संचालन गर्न सबै स्थानीय तहले आआफ्नो तर्फबाट पूर्व तयारी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१४: वृहत यौनिकता शिक्षालाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४:** नेपाल परिवार नियोजन संघको च.नं. ४७, मिति २०७७/१२/१२ को पत्रबाट अनुरोध भैआए बमोजिम यौनिक तथा प्रजनन् समस्याबाट खास गरी किशोर किशोरीहरु बढि प्रभावित हुने भएकाले किशोरकिशोरी तथा यूवाहरुको यौन तथा प्रजनन् स्वास्थ्यको जोखिम न्यूनीकरण गर्न, वालविवाह, लागूपदार्थको दुर्व्यसन, बलात्कार, यौन हिंसा जस्ता समस्याहरुको समाधानका लागि परिवार नियोजन सेवाको लाभका बारेमा सहमत हुँदै वृहत यौनिकता शिक्षालाई जिवनोपयोगी शिक्षाको रुपमा विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्न आआफ्नो तर्फबाट सहयोग पुर्याउने गरी सामुहिक प्रतिबद्धता जनाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१५: जग्गाको स्वामित्व हस्तान्तरण तथा सिफारिस सम्बन्धमा ।**

**निर्णय नं.१५:** धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. ३२७८, मिति २०७७/१२/१३ गतेको पत्रको व्यहोरा सम्बन्धमा छलफल गर्दा धनगढी उ.म.न.पा., वडा नं. ४, दक्षिणकाली मार्ग स्थित पंचायत तथा स्थानीय विकास मन्त्रालय, सु.प. क्षेत्रीय निर्देशनालय, इकाई कार्यालय, धनगढीको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक देवहरिया गा.पं., वडा नं. ७, कि.नं. ४११, ४१० र १०२९, क्षे.फ. क्रमशः ०-४-०, ०-४-० र ०-१२-० गरी जम्मा १-०-० विगाह जग्गा तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (आन्तरिक व्यवस्थापन तथा जनशक्ति विकास शाखा) को च.नं. १३४, मिति २०७१/०६/०२ को पत्रबाट मन्त्रालयले मागेका बखत फिर्ता बुझाउने गरी धनगढी उपमहानगरपालिकालाई संरक्षण गर्नदिने भनी पत्राचार भएकोमा जग्गाको संरक्षण एवं दीगो व्यवस्थापन गर्न स्थानीय सरकारको स्वामित्व स्थापित हुनु नै एकमात्र उत्तम विकल्प भएको र उ.म.न.पा. ले उक्त जग्गामा बहुउद्धेशीय व्यापारिक भवन निर्माण गरी उपयोग गर्न

निर्णय प्रमाणित

चाहेकोले माथि उल्लेख भए बमोजिम कि.नं. ४११, ४१० र १०२९ को पूरै जग्गा धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा दर्ता श्रेस्ता कायम हुनेगरी निर्णय गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१६: आगोले पोलेका व्यक्तिहरुको उपचारका लागि विशेष कक्ष स्थापना गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१६:** सुदुरपश्चिम प्रदेशमा आगोले पोली जीवन गुमाउने र अंगभंग हुने व्यक्तिहरुको संख्या वर्षेनी बढिरहेको तर पूरै प्रदेशभरी उक्त समस्याको उपचारका लागि विशेषज्ञ सेवा र उपचार कक्षको प्रबन्ध नभएकोले आगोले पोलेका व्यक्तिहरुको उपचारका लागि सुदुरपश्चिम प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा सहित विशेष उपचार कक्ष स्थापना गरिदिन सामाजिक विकास मन्त्रालय मार्फत सुदुरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७: राष्ट्रिय निकुन्ज तथा चरा संरक्षण पार्क स्थापना गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१७:** वैज्ञानिक वन व्यवस्थापन लगायत विभिन्न नामबाट चुरे भावर क्षेत्रको वन तीव्र रुपमा विनास हुँदा पर्यावरणीय सन्तुलन खल्बलिएको, स्थानीय नदी प्रणालीमा गम्भिर आघात पुगेको, चुरे विनास बढ्दै गई उर्वर भूमी मरुभूमीकरण हुँदै गएको, जनताको जिवनशैलीमा असन्तुलन भएको लगायत समस्याको समाधानका सन्दर्भमा छलफल गर्दा पूर्वमा कर्णाली नदीदेखि पश्चिममा गोदावरी नदीसम्मको चुरे भावर क्षेत्र लगायत बसन्ता र मोहना करिडोरको सम्पूर्ण वनक्षेत्रलाई समेटेर राष्ट्रिय निकुन्ज स्थापना गर्ने र अन्तर्राष्ट्रिय रामसार सूचीमा सुचिकृत सम्पदा घोडाघोडी ताल र यसको समग्र जलाधार क्षेत्र (करीब २६०० हेक्टर क्षेत्र) लाई समेटेर चरा संरक्षण पार्क (Bird Century) घोषणा गरी कार्यान्वयन गर्ने संघीय वन तथा भूसंरक्षण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८: निजी सचिवालय व्यवस्थापन गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१८:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ मा संशोधन गरी उ.म.न.पा., न.पा. र गा.पा. का प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षको सचिवालयलाई व्यवस्थापन गरी जनप्रतिनिधीको कार्य प्रभावकारिता बढाउन तत् तत् पदाधिकारीलाई ना.सु. स्तरको निजी सचिव उपलब्ध हुनेगरी कायम गर्ने आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत सुदुरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१९: निर्णय अनुमोदन तथा अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१९:** जिल्ला समन्वय समितिबाट तेश्रो जिल्ला सभादेखि हालसम्म भएगरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै आगामी जिल्ला सभासम्म समन्वय समिति, समितिको कार्यालय र स्थानीय तहको प्रभावकारिता अभिवृद्धि गर्ने कानून बमोजिम आवश्यक निर्णय लिने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

आज मिति २०७६ साल चैत्र १४ गते शनिबारका दिन बिहान ११:०० बजे कैलाली जिल्लाको चौथो जिल्ला सभा, जिल्ला समन्वय समिति का प्रमुख श्री सूर्य बहादुर थापाज्यूको अध्यक्षता एवं तपसिल बमोजिम को उपस्थितिमा सम्पन्न भै बिभिन्न निर्णय गरियो।

उपस्थिति

१. प्रमुख श्री सूर्य ब० थापा, जिल्ला समन्वय समिति, कैलाली
२. उपप्रमुख श्री सुन्दरीदेवी चौधरी, ,, ,, ,, ,,
३. कार्या. नगर प्रमुख श्री ~~नृप ब. वड~~ हिरा सिंह पातली, धनगढी उ.म.न.पा., कैलाली
४. ,, ,, श्री तपेन्द्र ब. रावल, टिकापुर न.पा., कैलाली
५. ,, ,, श्री हरिसिंह साउँद, गोदावरी न.पा., कैलाली
६. ,, ,, श्री महादेव बजगाईं, लम्की चुहा न.पा., ,,
७. ,, ,, श्री ममता प्रसाद चौधरी, घोडाघोडी न.पा., ,,
८. ,, ,, श्री शेर ब. चौधरी, भजनी न.पा., ,,
९. ,, ,, श्री भिम बहादुर देउवा, गौरिगंगा न.पा., ,,
१०. अध्यक्ष श्री बलिराम चौधरी, बर्दगोरिया गा.पा., ,,
११. ,, श्री रामकृष्ण चौधरी, जोशीपुर गा.पा., ,,
१२. ,, श्री प्रदिप कुमार चौधरी, जानकी गा.पा., ,,
१३. ,, श्री नवल सिंह रावल, मोहन्याल गा.पा., ,,
१४. ,, श्री लाजुराम चौधरी, कैलारी गा.पा., ,,
१५. ,, श्री धन ब. रोक्का, चुरे गा.पा., कैलाली
१६. नगर उपप्रमुख श्री सुशिला मिश्र भट्ट, धनगढी उ.म.न.पा., कैलाली
१७. ,, ,, ,, श्री केशरी बिष्ट रावत, टिकापुर न.पा., ,,
१८. ,, ,, ,, श्री रत्ना कठायत, गोदावरी न.पा., ,,
१९. ,, ,, ,, श्री टिका थापा, लम्की चुहा न.पा., ,,
२०. ,, ,, ,, श्री प्रेमकुमारी थापा, घोडाघोडी न.पा., ,,
२१. ,, ,, ,, श्री छायाँ देवकोटा, भजनी न.पा., ,,
२२. ~~उपाध्यक्ष~~ ,, श्री अंचला चौधरी, गौरिगंगा न.पा., ,,
२३. उपाध्यक्ष श्री भगवती चौधरी, बर्दगोरिया गा.पा., ,,
२४. ,, श्री गीता कठरीया, जोशीपुर गा.पा., ,,
२५. ,, श्री उमा महतो, जानकी गा.पा., ,,
२६. ,, श्री पूजादेवी बुढामगर, मोहन्याल गा.पा., ,,
२७. ,, श्री लक्ष्मी सतगौंवा थारु, कैलारी गा.पा., ,,
२८. ,, श्री दिपादेवी साउँद, चुरे गा.पा., ,,
२९ ,, टेक ब. बुढा